मिति २०८१।०६।१८ बन्दीपुर गाँउपालिकाको आ. व. २०८१/०८२ को चौथो कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षता एवम् तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारका निर्णय गरियो ।

तपशिलः

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुंवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य सचिव | |

CamScanner

## मितिः २०८१।०६।१८ को कार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय संख्या</th><th>निर्णयसंग सम्बन्धित शाखा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>प्रशासन</td><td>मिति २०८१।०७।०५ मा बन्दीपुर गाउँपालिका स्तरीय आर्थिक वर्ष २०८१/०८२ को पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>२.</td><td>प्रशासन</td><td>आउँदै गरेको हिन्दुहरूको महान पर्व विजयादशमिको उपलक्ष्यमा गाउँपालिका सदस्य, गाउँसभा सदस्य, राष्ट्रसेवक केर्मचारीहरू तथा सम्पूर्ण गाउँपालिका बासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>३.</td><td>शिक्षा युवा तथा खेलकुद शाखा</td><td>१. जुनतारा युवा क्लबलाई खेलकुद प्रतियोगिता तथा विविध कार्यक्रम सञ्चालनका लागि अध्यक्षकप तथा अन्य खेलकुद कार्यक्रम शीर्षकबाट रु ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।<br>२. अजम्बरी युवा क्लबलाई खेलकुद कार्यक्रम सञ्चालनकालागि अध्यक्षकप तथा अन्य खेलकुद कार्यक्रम शीर्षकबाट रू २५ हजार विनियोजन गर्ने निर्णय गरियो ।<br>३. तीनधारा युवा क्लबलाई भलिवल खेल सञ्चालनका लागिअध्यक्षकप तथा अन्य खेलकुद कार्यक्रम शीर्षकबाट रू १५ हजार विनियोजन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>४.</td><td>शिक्षा युवा तथा खेलकुद शाखा</td><td>SEE परीक्षा २०८० को नतिजामा कम ग्रेड आएर ग्रेड वृद्धि परीक्षामा समावेश योग्य विद्यार्थीहरुका लागि ग्रेड वृद्धिको अतिरिक्त कक्षा सञ्चालन भएका निम्नानुसारका विद्यालयहरुलाई पेशगरेका प्रमाण कागजातका आधारमा SEE ग्रेड वृद्धि तयारी कक्षा संचालन विद्यालय अनुदान शीर्षकबाट निम्नानुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>विनियोजन गरिएको बजेट</th></tr>
<tr><td>१.</td><td>श्री पवित्र मा.वि.</td><td>रु.८०,०००।-</td></tr>
<tr><td>२.</td><td>श्री भानु मा.वि.</td><td>रु.३०,०००।-</td></tr>
<tr><td>३.</td><td>श्री शिव मा.वि.</td><td>रु.३०,०००।-</td></tr>
<tr><td>४.</td><td>श्री कालिका मा.वि.</td><td>रु.३०,०००।-</td></tr>
<tr><td>५.</td><td>श्री विष्णु मा.वि.</td><td>रु.३०,०००।-</td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>शिक्षा युवा तथा खेलकुद शाखा</td><td>पहिलो चरणमा स्वयंसेवक शिक्षकका लागि छनोट भई विद्यालयमा हाजिर हुन नगएका १ जना तथा बाँकी रहेका २ जना समेत गरी जम्मा ३ जना स्वयंसेवक शिक्षकका लागि तपशिलका विद्यालयहरूमा पदस्थापन हुनेगरी</td></tr>
</table>

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | दोस्रो पटक विज्ञापन गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>सि.नं. \| विद्यालयको नाम \| संख्या<br>१ \| जनगागृति आ.वि. \| १<br>२ \| झारगाउँ आ.वि. \| १<br>३ \| विष्णु मा.वि. \| १ |
| ६. | पशुपंक्षी तथा मत्स्य विकास शाखा | बार्षिक बजेटमा रहेको कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रमका लागि आवश्यक कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यविधि -२०८१ छलफल गरी पारित गर्ने निर्णय गरियो । |
| ७. | पर्यटन शाखा | १. तीनधारा टोलविकास संस्थालाई उज्यालो बन्दीपुर शीर्षकबाट रु २० हजार विनियोजन गर्ने निर्णय गरियो ।<br>२. आयुर्वेदबाट विलिभर्स जानेबाटोमा सडक बत्ती जडान गर्न उज्यालो बन्दीपुर शीर्षकबाट रु २० हजार विनियोजन गर्ने निर्णय गरियो ।<br>३. विश्व पर्यटन दिवस २७ सेप्टेम्बर मनाउन पर्यटन विकास समिति बन्दीपुरलाई रु ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।<br>४. बन्दीपुर गा.पा. वडा नं. २ मुकुन्देश्वरी मन्दिरमा घटस्थापना पुजा सञ्चालनको लागि रु १९ हजार भेषभुषा धर्म संस्कृति प्रवर्धन शीर्षक बाट विनियोजन गर्ने निर्णय गरियो । |
| ८. | आर्थिक सहायता | १. अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस मनाउनका लागि विभिन्न दिवसीय कार्यक्रम शीर्षकबाट ज्येष्ठ नागरिक गाउँपालिका संघ बन्दिपुरलाई विनियोजित रु ५० हजार दिने निर्णय गरियो ।<br>२. खड्गमाई पूजा सञ्चालनका लागि वार्षिक बजेमा छुट्याईएको रकम रु १ लाख माग भई आएकाले उक्त रकम भुक्तानीका लागि स्वीकृति दिने निर्णय गरियो । |
| ९. | स्वास्थ्य शाखा | बन्दीपुर गाउँपालिका द्वारा बन्दीपुर अस्पताल भवन निर्माण शिर्षकमा रु३० लाख रुपैया विनियोजन भएको र बन्दीपुर अस्पताल संचालन खातामा श्री नेको इन्सोरेन्स द्वारा प्राप्त रकम गत आ.व.०८०/०८१ मा संचित भएको रु ११ लाख रुपैया गरी जम्मा रु ४१ लाख रुपैया बराबरको लागत तयार गरि एकमुष्ट टेण्डर आह्वान गरी कार्य अगाडि बढाउनका लागि स्वीकृति दिने निर्णय गरियो। |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश नेपाल

<table>
<tr><td>१०.</td><td>स्वास्थ्य शाखा</td><td>नेपाल सरकार द्वारा आ.व.०८१/०८२ मा बन्दीपुर गाउँपालिका निशुल्क औषधी तथा औषधीजन्य सामाग्री खरिद शिर्षकमा रु एघार लाख बतिस हजार रुपैया विनियोजन भएको र बन्दीपुर गाउँपालिका द्वारा आ.व.०८१/०८२ आन्तरिक तर्फ औषधी उपकरण तथा औजार शिर्षकमा रु.३० लाख रुपैया गरी जम्मा रु ४१ लाख ३२ हजार रहेकोमा स्वीकृत लागत अनुमान रकम रु २२,०५,५४०.५३ बराबरको एकमुष्ठ टेण्डर आह्वान गर्नेप्रक्रिया अगाडि बढाउन स्वीकृति दिने निर्णय गरियो । ।</td></tr>
<tr><td>११.</td><td>विविध</td><td>वर,पिपल शमी र चौतारो संरक्षण ऐन, २०७५ को दफा ९ को उपदफा २ बमोजिम तपशिल बमोजिमको वर, पिपल, शमी र चौतारो संरक्षण समिति गठन गर्ने निर्णय गरियो ।<br><br>तपशिलः<br>
<table>
<tr><th>सि.नं.</th><th>नाम थर</th><th>पद</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सुरेन्द्र बहादुर थापा</td><td>संयोजक</td><td>गा.पा. अध्यक्ष,पदेन</td></tr>
<tr><td>२</td><td>तिलक कुँवर</td><td>सदस्य</td><td>वडा अध्यक्ष</td></tr>
<tr><td>३</td><td>हरिमाया वि.क.</td><td>सदस्य</td><td>कार्यपालिका सदस्य</td></tr>
<tr><td>४</td><td>गोविन्द अधिकारी</td><td>सदस्य</td><td>स्थानीय समाजसेवी</td></tr>
<tr><td>५</td><td>संगिता प्रधान</td><td>सदस्य</td><td>स्थानीय समाजसेवी</td></tr>
<tr><td>६</td><td>यादवराज आचार्य</td><td>सदस्य-सचिव</td><td>प्र.प.अ., पदेन</td></tr>
</table></td></tr>
<tr><td>१२.</td><td>विविध</td><td>यस वर्ष आएको अविरल बर्षातको कारण आएको बाढी पहिरोको कारण यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने भूभागमा पर्ने सिँचाई योजना बाँध कुलो खेत वस्ती र भौतिक संरचना अन्तर्गत तपशिल बमोजिम क्षति भएको प्रारम्भिक अनुमान लाई अनुमोदन गरी जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय तनहुँमा सिफारिस गर्ने निर्णय गरियो ।<br><br>तपशिलः<br>
<table>
<tr><th>क्र.स.</th><th>क्षतिको विवरण</th><th>सिंचाई योजना/वस्ति</th><th>ठेगाना</th><th>क्षति रकम (अनुमानित)रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>धानको खेति</td><td>पचपन्ने सिंचाई कुलो</td><td>बन्दिपुर-३, तनहुँ</td><td>३२,००,०००।-</td><td></td></tr>
<tr><td>२</td><td>कुलोको क्षति</td><td>पचपन्ने सिंचाई कुलो</td><td>बन्दिपुर-३, तनहुँ</td><td>२०,००,०००।-</td><td></td></tr>
</table></td></tr>
</table>

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CS CamScanner

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ३ | धानवाली को क्षती | शेराटार वस्ती | बन्दिपुर-३, तनहुँ | ४०,०००।- | दिपा सुनारको धानवाली |
| | | ४ | कुलोले बगाएको | चारघरे बाँध कुलो | बन्दीपुर-२ | ३,००,०००।- | |
| १३. | प्राविधिक शाखा | पुराना बनेका नक्सांकन छुटभई घरकायम हुन बाँकी रहेका घरहरूको अभिलेखाङ्कन गर्न लागि मिति २०८१।०७।०१ देखि ६ महिना सम्मको लागि घर कायम खुला गर्ने निर्णय गरियो । | | | | | |
| १४. | प्राविधिक शाखा | Construction of Gaunpakho Water Supply Project (BRM/NCB/WORKS/०८/२०८०/०८१) ठेक्काको म्याद मिति २०८१ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो । | | | | | |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष